# बारबर्दिया नगरपालिका

## स्थानीय राजपत्र

खण्डः९ संख्याः२ नगर कार्यपालिकाबाट निर्णय मितिः२०८२/०८/०१

भाग-२

बारबर्दिया नगरपालिका

### बारबर्दिया नगरपालिकाको सूचना।

बारबर्दिया नगरपालिकाको मिति २०८२/०८/०१ गतेको नगर कार्यपालिकाबाट "अटो तथा ई-रिक्सा व्यवस्थापन निर्देशिका, २०८२" पारित भई प्रकाशन भएको हुँदा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

### अटो तथा ई-रिक्सा व्यवस्थापन निर्देशिका, २०८२

प्रस्तावनाः

बारबर्दिया नगरपालिका क्षेत्र भित्र सञ्चालन हुँदै आएका अटो तथा इ-रिक्सालाई बारबर्दिया नगरपालिकाको कार्यक्षेत्र भित्र कानुनी तवरले व्यवस्थित रुपमा संचालन गर्न वाञ्छनिय देखिएकाले सोको व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी "बारबर्दिया नगरपालिका क्षेत्र भित्र " अटो तथा ई-रिक्सा व्यवस्थापन निर्देशिका, २०८२" जारी गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस निर्देशिकाको नाम "बारबर्दिया नगरपालिका अटो तथा इ-रिक्सा व्यवस्थापन निर्देशिका, २०८२" रहेको छ।

ख) यो निर्देशिका नगर कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;

क) "उपप्रमुख" भन्नाले बारबर्दिया नगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले बारबर्दिया नगर कार्यपालिका सम्झनु पर्दछ ।

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय

नगर प्रमुख

ग) "नगरपालिका" भन्नाले बारबर्दिया नगरपालिका सम्झनु पर्दछ ।

घ) "निर्देशिका" भन्नाले "बारबर्दिया नगरपालिका अटो तथा इ-रिक्सा व्यवस्थापन निर्देशिका, २०८२" सम्झनुपर्दछ ।

ङ) "प्रमुख" भन्नाले बारबर्दिया नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बारबर्दिया नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

छ) "समिति" भन्नाले अटो तथा ई-रिक्सा व्यवस्थापन समितिलाई सम्झनुपर्दछ ।

ज) "सवारी साधन" भन्नाले अटो तथा ई-रिक्सा सम्झनु पर्दछ ।

३. अटो तथा ई-रिक्सा व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः

१) नगरपालिका भित्र अटो तथा ई-रिक्सा सञ्चालनलाई व्यवस्थित गर्दै दुर्घटना जोखिम रहित र सर्वसुलभ गर्नका लागि आवश्यक मार्गदर्शन र नियमन गर्न देहाय अनुसारको अटो तथा ई-रिक्सा व्यवस्थापन समिति रहनेछ ।

क) संयोजक, पूर्वाधार विकास समिति, बारबर्दिया नगरपालिका -अध्यक्ष

ख) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, बर्दिया गुलरिया - सदस्य

ग) प्रतिनिधि, जिल्ला ट्राफिक प्रहरी कार्यालय - सदस्य

घ) अटो व्यवसायीहरु मध्ये अध्यक्षबाट मनोनित दुई जना व्यवसायी -सदस्य

ङ) नगर प्रमुखले तोकेको नगर सभा सदस्य मध्ये दुई जना -सदस्य

च) प्रतिनिधि, यातायात व्यवस्था कार्यालय - सदस्य

छ) उपभोक्ता हकहित संरक्षण मंचका प्रतिनिधि - सदस्य

ज) नगरपालिका पूर्वाधार विकास शाखा प्रमुख - सदस्य

झ) नगरपालिकाको राजश्व शाखा प्रमुख — सदस्य-सचिव

२) नियम ३ (१) बमोजिम गठित समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

३) अध्यक्षको आदेशानुसार सदस्य सचिवले बैठक बोलाउनु पर्नेछ।

४) बैठकमा निर्णय बहुमतको आधारमा हुनेछ।

५) बैठकमा आवश्यकता अनुसार सम्बन्धित पदाधिकारी, व्यवसायी वा विज्ञलाई आमन्त्रित गर्न सकिनेछ ।

४. अटो तथा ई-रिक्सा व्यवस्थापन समितिको कामः

१) नगरपालिकाभित्र अटो तथा ई-रिक्सा सञ्चालनलाई व्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्ने।

२) अटो तथा ई-रिक्साको रुट तथा पार्किङ्गस्थल तोक्ने ।

३) अटो तथा ई-रिक्साको भाडादर निर्धारण/पुनरावलोकन गर्ने।

४) नगरपालिका भित्र सञ्चालन हुने अटो तथा ई-रिक्साको आवस्यक संख्या निर्धारण गर्ने।

५) अटो तथा ई-रिक्साको व्यवस्थापन एवं यात्रुहरु बीच भएको बिवादको समाधान गर्न आवश्यक सहजीकरण गर्ने।

६) अटो तथा ई-रिक्सा ब्यवस्थापन संग सम्वन्धित अन्य कार्यहरु गर्ने

५. दर्ता, नवीकरण र खारेजीः

१) प्रत्येक अटो तथा ई-रिक्सा प्रचलित कानून बमोजिम यातायात कार्यालयमा दर्ता भई नगरपालिकाबाट अनुमति लिएर मात्र संचालन गर्नु पर्नेछ। अनुमति प्राप्त गर्दा दर्ता शुल्क रु. २,०००/- र वार्षिक नविकरण शुल्क रु. १,०००/- लाग्नेछ। सालबसाली रुपमा यस सम्बन्धि आवश्यक व्यवस्था आर्थिक ऐनमा गर्न सकिनेछ ।

२) अटो तथा ई-रिक्सा संचालन अनुमति लिन देहाय बमोजिमका कागजात सहित अनुसूची-१ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ ।

क) सवारी साधनको इन्जिन/च्यासिसको फोटो।

ख) बीमाको कागजातको प्रतिलिपि ।

ग) सवारीको ब्लु बुकको प्रतिलिपि ।

घ) सवारी चालक अनुमति पत्रको प्रतिलिपि ।

ङ) एकाघर परिवारको सदस्य बाहेक सवारी चालक र सवारी धनी फरक व्यक्ति भएमा सवारी सञ्चालनका लागि भएको सम्झौता पत्रको प्रतिलिपि ।

३) नगरपालिकाबाट अनुमति लिई सञ्चालनमा आएका अटो तथा ई-रिक्साले वार्षिक रुपमा नगरपालिकामा तोकिएको कर बुझाई नवीकरण गर्नुपर्नेछ। नवीकरण गर्दा निम्न कागजातहरु पेश गर्नुपर्नेछ ।

क) अनुसूची-१ बमोजिमको निवेदन ।

ख) बीमाको कागजातको प्रतिलिपि ।

ग) सवारीको ब्लु बुकको प्रतिलिपि ।

४) नियमानुसार प्रदुषण मापदण्ड पूरा नगरेको, सवारी साधन चेकजाँच गर्दा सवारी सञ्चालन गर्न उचित नदेखिएको र वार्षिक नवीकरण हुनुपर्ने समयभित्र नविकरण नभई एक वर्ष म्याद नाघेको सवारी साधनको अनुमति खारेजी गरिनेछ । यसरी खारेजीमा परेका सवारी साधनहरु पुनः अनुमति लिन आएमा तोकिए बमोजिमको जरिवाना लिई नियम ५ को उपनियम (२) को प्रक्रिया अनुसार अनुमति दिन सकिनेछ ।

६. रुट निर्धारणः

१) समितिले निर्धारण गरे बमोजिमको स्थानमा पार्किङ हुने गरी अनुसूची-२ बमोजिमको अभिलेख राखि अनुसुची-३ बमोजिमको रुट निर्धारण पत्र जारी गरिनेछ। सवारी चालकले अनिवार्य रुपमा रुट निर्धारण पत्र/रुट परमिट साथमा राख्नुपर्नेछ ।

२) सवारी साधनले तोकिएको क्षेत्रबाहेक अन्य क्षेत्रमा रुट अनुमति पत्र नलिई सञ्चालन गर्न पाईने छैन।

३) भित्री सडक खण्डमा संचालन हुने गरी रुट अनुमति दिईने छ तर मुख्य सडक खण्डमा संचालन गर्ने गरी रुट परमिट दिईने छैन।

४) रुट परिवर्तन गर्न चाहेमा सवारी धनिले पुनः नगरपालिकामा निवेदन दिनुपर्नेछ। नगरपालिकाले पनि नियम ६(१) को प्रकृया पुरा गरी रुट परिवर्तन गरिदिन सक्नेछ ।

७. सवारी चालकले पालना गर्नुपर्ने नियमहरुः

१) प्रत्येक सवारी चालकले निम्नानुसारका नियम अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

क) नगरपालिकाको सवारी संचालन अनुमतिपत्र, सवारी चालक अनुमतिपत्र र सवारी दर्ता किताब (ब्लु

नगर प्रमुख

बुक) साथमा लिएर मात्र सवारी चलाउनु पर्नेछ।

ख) प्रचलित कानुनले प्रतिबन्ध गरेका मालसामान ओसारपसार गर्न पाइने छैन।

ग) अगाडिको भागमा चालकको दायाँबायाँ यात्रु तथा मालसामान राख्न पाईने छैन। सवारीको बाहिरी भागमा मालसामान तथा यात्रु राख र झुण्ड्याउन पाईनेछैन ।

घ) सामाजिक सद्भाव र सडक सुरक्षामा ध्यान दिनुका साथै यात्रुमैत्री व्यवहार गर्नुपर्नेछ। साथै अशक्त, वृद्ध तथा बालबालिकालाई प्राथमिकता दिनु पर्नेछ ।

ङ) सडकमा जथाभावी सवारी साधन रोक्ने, पार्किङ गर्ने जस्ता कार्य गर्न पाइने छैन। सवारी पूर्ण रुपमा रोकिएपछि मात्र यात्रु चढाउने र ओराल्ने गर्नुपर्नेछ ।

च) सवारी दुर्घटना, सवारी आवागमन अवरोध, ट्राफिक समस्या तथा गुनासो भए तत्काल ट्राफिक प्रहरी कार्यालय र नगरपालिका कार्यालयलाई जानकारी दिनुपर्नेछ ।

छ) सम्बन्धित निकायले प्रदान गरेको प्रदुषण मुक्त स्टीकर सवारी साधनमा टाँस्नुपर्नेछ ।

ज) स्थान अनुसारको निर्धारित भाडादर सवारी साधनमा देखिने गरी टाँस्नुपर्नेछ ।

८. यात्रु सुरक्षाः यात्रु सुरक्षाका लागि प्रत्येक सवारी साधनमा निम्नानुसारको नियमहरु पालना गर्नु/गराउनु पर्नेछ ।

१) अटो तथा ई-रिक्साहरुको दाहिने तर्फबाट यात्रु चढ्ने र झर्ने गर्न नमिल्ने बनाउनुपर्नेछ ।

२) साउण्ड सिस्टम चलाउँदा यात्रु तथा वातावरणमा प्रभाव नपार्ने गरी चलाउनु पर्नेछ।

३) यात्राका बखत यात्रुहरुले जथाभावी फोहोर नफाल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

४) तोकिएको भार, क्षमता र गतिमा मात्र सवारी साधन चलाउनु पर्नेछ।

५) मादकपदार्थ तथा लागुऔषध सेवन गरेर सवारी साधन चलाउन पाइने छैन।

६) सवारी चलाउँदा मोबाइल फोनको प्रयोग गर्न पाईने छैन।

७) लेन अनुशासनको पालना गर्नु पर्नेछ, आफुभन्दा अगाडिको सवारी साधनसँग ब्रेकिङ्ग दुरी कायम गर्नुपर्नेछ ।

८) यान्त्रिक अवस्था ठिक भए/नभएको नियमति चेकजाँच गर्नुपर्नेछ ।

९. बीमा सम्बन्धी व्यवस्थाः प्रत्येक सवारीले प्रचलित कानूनले तोके बमोजिमको तेस्रो पक्ष बीमा गरेको हुनुपर्नेछ ।

१०. जरिवाना सम्बन्धी व्यवस्थाः

१) सवारी संचालन अनुमतिपत्र नलिई संचालन गरेमा वा स्वीकृति नलिई रंग, सिट, स्वरुप, इन्जिन, च्यासिस हेरफेर गरेमा वा आवागमनमा बाधा पुर्याएमा रु. एक हजार जरिवाना हुनेछ ।

२) तपसिल बमोजिम कसुर गर्नेलाई तत्काल ट्राफिक प्रहरीले नियमानुसार जरिवाना गर्नेछ। सो रकम तत्काल नबुझाएमा ट्राफिक प्रहरीले २४ घण्टाभित्र नगरपालिकामा पठाउनु पर्नेछ र नगरपालिकाले कसुर खुलाई ट्राफिक प्रहरीको पूर्जीको आधारमा पहिलो पटक रु. ५००/-, दोस्रो पटक रु.१,०००/-, दुई पटक भन्दा बढि भएमा रु.१,५००/- जरिवाना गरी सचेत गराउन वा अनुमति पत्र रद्ध गर्न सक्नेछ।

क) ट्राफिक सङ्केत वा नियम उल्लेघन गरी सवारी चलाएमा ।

नगर प्रमुख

ख) निषेध गरिएको ठाँउ वा समयमा पार्किङ गरेमा।

ग) सवारी मोड्न वा ध्वनि सङ्केत निषेध गरिएको ठाँउमा मोडेमा वा ध्वनि सङ्केत दिएमा।

घ) गलत साईडबाट सवारी चलाएमा वा एकतर्फी सडकमा सो विपरित चलाएमा ।

ङ) अवस्था ठिक नभएको सवारी चलाएमा वा निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएमा ।

च) राति बत्ती नबाली सवारी चलाएमा ।

छ) मादक पदार्थ वा लागु पदार्थ सेवन गरी सवारी चलाएमा ।

ज) नम्बर प्लेट नराखी सवारी चलाएमा ।

झ) निर्धारित सिट भन्दा बढी यात्रु राखी चलाएमा वा निर्धारित भाडा भन्दा बढी भाडा लिई सवारी चलाएमा ।

ञ) लापरबाही साथ सवारी चलाएमा।

११. भाडादरः नगरपालिका भित्र सञ्चालन हुने सवारी साधनको भाडादर नियम (३) को उपनियम (१) बमोजिम गठित समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. अनुगमनः ट्राफिक प्रहरी र नगरपालिकाले उल्लेखित निर्देशिका बमोजिम अटो तथा ई-रिक्सा सञ्चालन भए/नभएको अनुगमन गर्न सक्नेछ ।

१३. विविधः यस निर्देशिकामा उल्लेख नभएका विषयहरु सवारी तथा यातायात व्यवस्था सम्बन्धि प्रचलित कानुन बमोजिम हुनेछन् ।

नगर प्रमुख

अनुसूची-१

नियम ५को उपनियम २ र ३को (क),(ख) र (ग) संग सम्बन्धित

अटो तथा ई-रिक्सा अनुमति/नविकरण गर्नको लागि निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
बारबर्दिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
जयनगर,बर्दिया

विषयः अटो तथा ई-रिक्सा अनुमति/नविकरण गरिपाँउ ।

उपरोक्त सम्बन्धमा मेरो/हाम्रो नाममा रहेको निम्नानुसारको सवारी साधन तहाँ नगरपालिका क्षेत्र भित्र संचालन गर्ने अनुमति/नविकरण गर्नका लागि देहायका विवरण संलग्न गरी निवेदन पेश गरेको छु/छौं।

तपशिलः

१. सवारी धनिको नामः

२. सवारी साधन नम्बरः

३. ईन्जीन नम्बरः

४. चेसिस नम्बरः

५. माग गरेको रुटः

संलग्न कागजातहरुः

१. सवारी दर्ता प्रमाण पत्रको प्रतिलिपी ।

२. सवारी चालक अनुमति पत्रको प्रतिलिपी।

३. विमाको कागजात ।

४. सवारी धनि स्वयं उपस्थिती हुन नसक्ने भएमा सवारी धनिले मञ्जुरीनामा दिएको पत्र।

निवेदकको नामः
दस्तखतः
मितिः
मोबाईल नं.

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय जयनगर, बर्दिया

नगर प्रमुख

अनुसूची-२
नियम ६को उप-नियम १ संग सम्बन्धित
सवारी साधनको अभिलेखको ढाँचा

| सि.न. | संचालन अनुमति नम्बर | सवारी साधन नम्बर | रुट/पार्कीङ्ग स्थल | सवारी साधन धनीको नाम थर | सवारी साधन धनीको नागरिकता नम्बर/ठेगाना | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

नगर प्रमुख

अनुसूची-३

नियम ६को उप-नियम १ संग सम्बन्धित

## सवारी संचालन अनुमति पत्रको ढाँचा

वारवर्दिया नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जयनगर , वर्दिया

सवारी दर्ता नं.
सवारी धनिको नामः
वतनः

| सवारी धनिको | दर्ता गर्ने अधिकारीको |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः |

### सवारी साधनको विस्तृत विवरण

१. कम्पनिको नाम
२. सवारीको मोडल
३. वनेको साल
४. सिलिण्डर संख्या
५. च्यासिस नं.
६. ईन्जीन नं.
७. हर्ष पावर/सि.सि.
८. सवारीको रंग
९. चालक सहित सिट क्षमता
१०. ईन्धन
११. रेडियो छ/छैन
१२. खरिद भै आएको मानिस वा कम्पनि
१३. प्रयोग
१४. चलाउने ईलाका
१५. भन्सार निस्सा

| सि. न. | ईजाजत पत्र पाएको क्षेत्र (रुट) | वहाल अवधि | ईजाजत नविकरण गर्ने अधिकारीको दस्तखत र मिति | कै |
|---|---|---|---|---|
| | | | | |

आज्ञाले,
गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

CamScanner